कर बुलेटिन
Tax Bulletin
http://www.ird.gov.np आन्तरिक राजस्व विभागको मासिक प्रकाशन
वर्ष ७, अङ्क ६, २०७६ असोज Year 7, Issue 6, September-October 2019

## राजस्व संकलनमा २३ प्रतिशतको वृद्धिदर

आर्थिक वर्ष२०७६।७७ को लागि विभागलाई रु ५०६ अर्व १८ करोडको लक्ष्य प्राप्त भएको छ । उक्त लक्ष्य मध्ये साउन देखि असोज तीन महिनाको लागि रु. ९२ अर्व ७० करोड लक्ष्य रहेकोमा रु. ८० अर्व ६३ करोड संकलन भई लक्ष्यको तुलनामा ८६.९८ प्रतिशत संकलन भएको छ । यो संकलन गत आर्थिक वर्षको यसै अवधिको संकलनको तुलनामा रु १५ अर्व ०३ करोड अर्थात २२.९३ प्रतिशतले बढी हो । शीर्षकगत रुपमा हेर्दा आयकरतर्फ रु ३८ अर्व ९४ करोड लक्ष्य रहेकोमा रु ३४ अर्व २१ करोड संकलन भई लक्ष्यको तुलनामा ८७.८५ प्रतिशत संकलन भएको छ । मूल्य अभिवृद्धि करतर्फ रु २९ अर्व लक्ष्यमा रु २७ अर्व १६ करोड संकलन अर्थात लक्ष्यको ९३.६७ प्रतिशत संकलन भएको छ । अन्तःशुल्कमा रु १८ अर्व २६ करोड संकलन भएको छ जुन

बाँकी पृष्ठ ५ मा

# नियन्त्रणमा परिवर्तन सम्बन्धी तालिम सम्पन्न



आन्तरिक राजस्व विभागमा GIZ Revenue Administration Support (RAS) Project को सहयोगमा नियन्त्रणमा परिवर्तन (Change in Control) विषयक दुई दिने तालिम सम्पन्न भएको छ । विभाग र उपत्यका स्थित कार्यालयका अधिकृतहरुका लागि लक्षित गरी विभागको सभाहलमा संचालन गरिएको उक्त तालिम कार्यक्रममा विभागका निर्देशकहरु, शाखा अधिकृतहरु र उपत्यका स्थित विभिन्न कार्यालयका प्रमुख कर अधिकृत र कर अधिकृतहरु गरी ३६ जनाको सहभागिता रहेको थियो ।

मिति २०७६ असोज ९ र १० गते संचालित उक्त तालिममा स्वामित्वमा परिवर्तन भएको अवस्थामा कसरी करारोपण गर्ने भन्ने विषयमा जानकारी प्रदान गरिएको थियो । तालिम समापनको अवसरमा विभागका महानिर्देशक विनोद वहादुर कुंवरले प्रशिक्षार्थीहरुलाई बधाई दिनुका साथै व्यवसायमा आएको नविनतम पद्दतिका कारण राजस्व चुहावटका क्षेत्रहरुमा समेत बृद्धि हुंदै गएकोले त्यस तर्फ कर प्रशासनले विशेष निगरानी बढाउनु पर्ने आवश्यकता औंल्याउनुहुँदै आगामी दिनहरुमा थप उर्जावान र लगनशील भई कार्य गर्न र तालिममा सिकेका कुरा कार्यक्षेत्रमा लागू गर्न सहभागीहरु सबैलाई आग्रह गर्नुभयो ।

### यसभित्र

स्वीकृत अवकाश कोषलाई जारी गरिएको निर्देशन,२०७६ सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम — पृष्ठ ३
आन्तरिक राजस्व कार्यालय बत्तीसपुतलीमा करदाता शिक्षा कार्यक्रम संचालन — पृष्ठ ७
आन्तरिक राजस्व कार्यालय लहानद्वारा करदाता शिक्षा कार्यक्रम संचालन — पृष्ठ ८

# महानिर्देशकको सन्देश



**अर्कोतर्फ समग्र विभागको वेरूजु र बक्यौताको अंक बर्षेनी बढ्दै गएको सन्दर्भमा बेरूजू र बक्यौता राख्ने करदाताहरूको अवस्था अध्ययन तथा छानवीन गरी बेरूजू फर्छ्यौट गर्ने र बक्यौता रकम समयमै दाखिला गराउनका लागि करदाताहरूको नियमित रूपमा अनुगमन र संकलन भ्रमण गरी बक्यौता असुली गर्ने कार्यलाई सघन रूपमा वढाउने एवं आवश्यकतानुसार कानूनी कारवाही समेत अघि बढाउन सम्पूर्ण कार्यालयहरूलाई आग्रह गर्दछु ।**

चालू आर्थिक वर्ष २०७६/७७ को तीन महिना व्यतित भई सकेको छ । राजस्व संकलनको असोजसम्मको तथ्यांक हेर्दा रु. ९२ अर्व ७० करोड लक्ष्य रहेकोमा रु.८०अर्व ८३ करोड संकलन भई लक्ष्यको तुलनामा करिव ८७ प्रतिशत उपलब्धि हासिल भएको छ। जुन गत वर्षको तुलनामा करिव २३ प्रतिशतले बढी हो । विभागले यस वर्ष सम्पादन गर्नुपर्ने राजस्व नीतिमा उल्लेख भएका विषयहरु र त्यस अनुरुपको व्यवसायिक कार्य योजना, व्यवस्थापन गोष्ठीमा प्रतिवद्धता जनाइएको घोषणा पत्र, अर्थ मन्त्रालय र विभागबीचको कार्य सम्पादन सम्झौतामा उल्लेख गरिएका कार्यहरुको थालनी गरिएको छ । यस अवधिमा गर्नुपर्ने कार्यहरुलाई गति दिई गतिशील बनाउने गरी कार्य प्रारम्भ भैसकेको छ।

अबका दिनमा चालू आर्थिक वर्षका लागि प्राप्त भएको राजस्वको लक्ष्य पूरा गर्नका लागि राजस्व नीति, व्यवसायिक कार्य योजना र कार्य सम्पादनमा उल्लेखित विषयहरुलाई सक्रियताका साथ कार्यान्वयनमा ल्याई करदाताहरुलाई कर कानूनको परिपालना गराउने र करदाता शिक्षालाई विगतमा जस्तै पहिलो प्राथमिकतामा राखि कार्य अगाडि वढाइएको छ। सेवा प्रवाहको गुणस्तरीयताको सुनिश्चितता गर्न र व्यवसायमा आएको नविनतम पद्वतिका कारण राजस्व चुहावटका क्षेत्रहरुमा समेत थप हुंदै गएकोले त्यस तर्फ निगरानी बढाउन राजस्व प्रशासनमा कार्यरत जनशक्तिको दक्षता अभिवृद्धि गर्न समय सान्दर्भिक विषयबस्तुमा तालिमको कार्यक्रमलाई नियमित रुपमा संचालन गरिदै लगिएको छ । हामीहरु अहिले चाडपर्वको मुखमा छौं। चाड पर्वमा गरिने व्यवसायिक कारोवारको राजस्वमा प्रत्यक्ष रुपमा असर पर्ने हुँदा बजारमा उपस्थिति बढाउनु पर्ने अवस्था रहेको छ । बजारमा बिल विजक जारी भए नभएको, इजाजत लिनु पर्नेले इजाजत लिई कारोवार गरे नगरेको लगायत समग्र प्रभावकारी अनुगमनको आवश्यकता रहेको छ । त्यसैले विभाग मातहतका कार्यालयहरुलाई बजार अनुगमन र कर परीक्षण तथा अनुसन्धान समेतका कार्यलाई थप प्रभावकारी बनाउन उच्च प्राथमिकतामा राखि कार्य गर्न हुन स्मरण गराउन चाहन्छु।

अर्कोतर्फ समग्र विभागको वेरुजु र बक्यौताको अंक बर्षेनी बढ्दै गएको सन्दर्भमा बेरुजू र बक्यौता राख्ने करदाताहरुको अवस्था अध्ययन तथा छानवीन गरी बेरुजू फर्छ्यौट गर्ने र बक्यौता रकम समयमै दाखिला गराउनका लागि करदाताहरुको नियमित रुपमा अनुगमन र संकलन भ्रमण गरी बक्यौता असुली गर्ने कार्यलाई सघन रुपमा वढाउने एवं आवश्यकतानुसार कानूनी कारवाही समेत अघि बढाउन सम्पूर्ण कार्यालयहरुलाई आग्रह गर्दछु।

करदाता तथा व्यवसायीहरुले पनि आफ्नो नाममा कायम रहेको बेरुजू र बक्यौता यथाशिघ्र फरफारक गरी बक्यौता असुलीको हकमा थप शुल्क र व्याजबाट बच्न अनुरोध गर्दछु। अन्यथा कर परिपालना अटेर गर्ने करदाता उपर कर प्रशासनले कानूनी कारवाहीको प्रकृया अवलम्बन गरेर तिर्न बुझाउन बाँकी रहेको कर दायित्व असूल उपर गराउने कुरा पनि स्मरण गराउन चाहन्छु । आर्थिक कारोवारको सही एवं यथार्थ लेखांकन र प्रतिवेदन मार्फत राजस्व परिचालनमा अधिकतम योगदान गरी राष्ट्र निर्माण गर्ने कार्यमा योगदान गर्न समेत आव्हान गर्दछु।

अन्त्यमा, म राजस्व प्रशासनमा कार्य गर्ने सम्पूर्ण कर्मचारी, राजस्वमा योगदान पुर्‍याउने उद्योगी, व्यवसायी, राजस्व सम्बन्धी सूचना सम्प्रेषण गर्ने संचार जगत, राजस्व सम्बन्धी कार्यमा खवरदारी गर्ने नागरिक समाज, विद्वत वर्ग लगायतका व्यक्ति एवं संस्थालाई विजया दशमी २०७६ को उपलक्ष्यमा हार्दिक शुभकामना दिन चाहन्छु।

**बिनोद बहादुर कुँवर**
**महानिर्देशक**
**२०७६, असोज**

# स्वीकृत अवकाश कोषलाई जारी गरिएको निर्देशन,२०७६ सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम



सम्पत्ति शुद्धिकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०७६-२०८१) को कार्यान्वयनको गर्ने सम्बन्धमा आन्तरिक राजस्व विभागलाई सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन २०६४ को दफा ७ न को उपदफा (२) बमोजिम नेपाल सरकारको मिति २०७५।०७।२५ को निर्णयानुसार स्वीकृत अवका शकोष तथा बहुमुल्य धातु तथा वस्तुको कारोबार गर्ने ब्यवसायी सूचक संस्थाको नियमनकारी निकाय तोकिएको छ। सोहि ऐनको दफा ७प को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी विभागवाट स्वीकृत अवकाश कोषका लागि मिति २०७६ पौष १ गते देखि लागू हुने गरी मिति २०७६।०६।०६ को निर्णयानुसार निर्देशन जारी गरिएको छ । आन्तरिक राजस्व विभागवाट स्वीकृत प्राप्त अवकाश कोषहरुलाई उक्त निर्देशनको कार्यान्वयनका सम्बन्धमा सुसूचित गर्न मिति २०७६।०७।०३ का दिन आन्तरिक राजस्व विभागको सभाहलमा छलफल तथा अन्तक्रिया कार्यक्रम आयोजना गरिएको थियो। उक्त कार्यक्रममा निर्देशन जारी गर्नुपर्ने कारण कानुनी आधार र स्वीकृत प्राप्त अवकाशकोषहरुको दायित्वका सम्बन्धमा जानकारी गराईएको थियो । हाल विभागवाट स्वीकृत प्राप्त ४८ अवकाश कोषहरु मध्ये अधिकांश अवकाश कोषका प्रतिनीधिहरु सहभागी भएको उक्त कार्यक्रममा सहभागीहरुवाट अवकाश कोषको दायित्व र सामाजिक सुरक्षाकोषमा जानुपर्दाको अवस्थामा के हुने भन्ने आदि जिज्ञासा राखिएको थियो । उक्त कार्यक्रममा महानिर्देशकज्यूले सन् २०२० मा सम्पत्ति शुद्धिकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्वन्धी नेपालको पारस्परिक मुल्यांकन Mutual Evaluation हुदैछ। उक्त मुल्यांकनमा सफलताका लागि यसको प्रभावकारी कार्यान्वयमा जोड दिनु भएको थियो ।


## आन्तरिक राजस्व विभागको


### अनुसूची तथा फारामहरुमा समसामयिक परिमार्जन सम्बन्धि सूचना


आयकर ऐन, २०५८ को दफा ९६ बमोजिम दाखिला गर्नुपर्ने आय विवरण साथ पेश हुने अनुसूची तथा फारामहरुमा समसामयिक परिमार्जन गरी मिति २०७६।०४।०१ देखि लागू हुने गरी आयकर ऐन, २०५८ को दफा ७७ बमोजिम तोकि सोहि दफाको उपदफा (२) बमोजिम सम्बद्ध सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

# साना तथा मझौला उद्यमीका लागि कर सम्बन्धी तालिम

जि.आइ.जेड राजस्व प्रशासन सहयोग परियोजना (GIZ Revenue Support Project) को सहयोग र आन्तरिक राजस्व विभाग तथा उद्योग वाणिज्य महासंघको संयुक्त पहलमा गतवर्ष साना तथा मझौला उद्यमीहरुलाई लक्षित गरी कर सम्बन्धी तालिम संचालन गरिएको छ । साना तथा मझौला उद्यमीहरुलाई आयकर, मूल्य अभिवृद्ध कर तथा अन्त:शुल्क सम्बन्धी जानकारी गराउनु तालिमको मुख्य उद्देश्य रहेको थियो । यस्तो तालिमबाट स्वेच्छिक कर सहभागितामा वृद्धि हुनाको साथै कर दायित्व बहन गर्दा लाग्ने लागत (Compliance cost) घटाउन समेत उपयोगी देखिएको सन्दर्भमा आन्तरिक राजस्व विभाग र उद्योग वाणिज्य महासंघ बीचमा तालिम संचलान गर्ने समझदारी (MOU) गरी तालिम संचालन गरिएको हो ।




विभिन्न मितिमा कंचनपुर सुर्खेत, धनुषा, सुनसरी, सप्तरी, उदयपुर, चितवन, काठमाण्डौ, नवलपरासी र स्याङ्जा जिल्लाहरुमा संचालन गरिएका ३२ तालिमबाट ५५० करदाताहरु लाभान्वित भएका छन् । तालिमको प्रभावकारिताका सम्बन्धमा गरिएको सर्वेक्षणमा ८३ प्रतिशत सहभागीहरुबाट तालीममा प्राप्त ज्ञानउपयोगी भएको भन्ने प्रतिक्रिया व्यक्त गरेका थिए ।

## आन्तरिक राजस्व विभागको

**ठेक्का वा करार अन्तर्गतको मूल्य अभिवृद्धि कर भुक्तानी सम्बन्धी सूचना ।**

“सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थाले ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवा वा वस्तु तथा सेवा बापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको पचास प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर बापतको रकम मात्र भुक्तानी गर्नु पर्नेछ“ भन्ने व्यवस्था कार्यान्वयनका क्रममा यस अघि भएको परिपत्र एवं सूचना पश्चात पनि केहि द्विविधा रहन गएको बुझिन आएकोले उक्त व्यवस्था ठेक्का संझौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवा वा वस्तु तथा सेवा वापतको भुक्तानीमा मात्र आकर्षित हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# आन्तरिक राजस्व कार्यालय दाङद्वारा बृक्षरोपण कार्यक्रम सम्पन्न

आन्तरिक राजस्व कार्यालय दाङ्गद्वारा संविधान दिवसको अवसरमा २०७६ साल आश्विन ३ गते कार्यालय परिसरमा बृक्षरोपण कार्यक्रम सम्पन्न गरेको छ । कार्यालय प्रमुख, कर अधिकृतहरु लगायत सबै कर्मचारीहरुको सहभागितामा सम्पन्न उक्त कार्यक्रममा जिल्ला वन कार्यलयबाट ल्याइएका उन्नत कलमी जातका आँप, सिसौ, चिउरी, अमला, जामुन, बकाइनो, निम, कागती लगायतका विभिन्न जातका फलफूल तथा अन्य जातका विरुवाहरु रोपिएको थियो । बृक्षरोपण पश्चात कार्यालय परिसरमा सरसफाई समेत गरिएको थियो ।




## राजस्व संकलनमा.....

रु. २४ अर्व ३९ करोड लक्ष्यको ७४.८८ प्रतिशत हुन आँउछ । त्यसैगरी शिक्षा सेवा शुल्कमा रु ३६ करोड लक्ष्यमा रु २२ करोड संकलन भई लक्ष्यको तुलनामा ६२.९८ प्रतिशत संकलन भएको छ ।

त्यसैगरी आर्थिक वर्ष २०७६।७७ को असोज महिनाको प्रगतितर्फ हेर्दा रु. २८ अर्व ६० करोड लक्ष्य रहेकोमा रु २४ अर्व ८७ करोड संकलन भई लक्ष्यको तुलनामा ८६.९६ प्रतिशत संकलन भएको छ । यो संकलन गत आर्थिक वर्षको यसै अवधिको संकलनको तुलनामा २१.४४ प्रतिशतले बढी हो । शीर्षकगत रुपमा हेर्दा आयकरतर्फ रु १० अर्व ९५ करोड लक्ष्य रहेकोमा रु १० अर्व ५८ करोड संकलन भई लक्ष्यको तुलनामा ९६.६२ प्रतिशत संकलन भएको छ । मूल्य अभिवृद्धि करतर्फ रु. ७ अर्व ७५ करोड लक्ष्यमा रु. ७ अर्व ०२ करोड संकलन अर्थात लक्ष्यको ९०.५४ प्रतिशत संकलन भएको छ । अन्त:शुल्कमा रु. ६ अर्व ९६ करोड संकलन भएको छ जुन रु ९ अर्व ७९ करोड लक्ष्यको ७१.१२ प्रतिशत हुन आँउछ । त्यसैगरी शिक्षा सेवा शुल्कमा रु. १० करोड लक्ष्यमा रु. ७ करोड ९५ लाख संकलन भई लक्ष्यको तुलनामा ७७.१५ प्रतिशत संकलन भएको छ ।

रु. हजारमा

| शीर्षक | २०७६/७७ असोज महिनाको | | | | | २०७६/७७ असोज महिनासम्मको | | | | **गत वर्षको असुलीको तुलनामा वृद्धि दर** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | गत वर्षको यस अवधिको प्रगति | लक्ष्य | प्रगति | प्रगति प्रतिशत | गत वर्षको तुलनामा वृद्धिदर | गत वर्षको यस अवधि सम्मको प्रगति | लक्ष्य | प्रगति | प्रगति प्रतिशत | |
| आयकर | ६७९२६०७ | ९५२४५४५ | ९७८४७०७ | १०२।७३ | ४४।०५ | २१४३५६०४ | २९५५३९५५ | २७८०२२६० | ९४।०७ | २९।७० |
| बहालकर | २१३२९६ | ३३७२०८ | १३६७५३ | | | ९०८९७२ | १३९९६९३ | ७९६७४५ | | |
| ब्याजकर | ६२७१९४ | १०९३०३९ | ६६३४५७ | ६०।७० | ५।७८ | ४७७५७८४ | ७९९१२१६ | ५६१५४१२ | ७०।२७ | १७।५८ |
| आयकर जम्मा | ७६३३०९७ | १०९५४७९२ | १०५८४९१७ | ९६।६२ | ३८।७ | २७१२०३६० | ३८९४४८६४ | ३४२१४४१७ | ८७।८५ | २६।१६ |
| मूल्य अभिवृद्धि कर | ५८१५१४७ | ७७५६७९१ | ७०२२९२६ | ९०।५४ | २०।७ | २०८७७०८६ | २९००४०८७ | २७१६९३९१ | ९३।६७ | ३०।१४ |
| अन्त: शुल्क | ६७८२४५४ | ९७९१९५८ | ६९६३६०८ | ७१।१२ | २।६७ | १६८१४०१२ | २४३९६३५१ | १८२६७८७१ | ७४।८८ | ८।६५ |
| स्वास्थ्य सेवा शुल्क | १५७९४९ | ० | २२५०६७ | | | ४४४४५१ | ० | ७५९००८ | | ७०।७७ |
| शिक्षा सेवा शुल्क | ९५३६३ | १०३०८३ | ७९५३२ | ७७।१५ | (१६।६० | ३४३४९० | ३६१३५१ | २२७५८७ | ६२।९८ | (३३।७४ |
| जम्मा | २०४८४०१० | २८६०६६२४ | २४८७६०५० | ८६।९६ | २१।४४ | ६५५९९३९९ | ९२७०६६५३ | ८०६३८२७४ | ८६।९८ | २२।९३ |

# आन्तरिक राजस्व कार्यालय बागलुङ्द्वारा कर शिविर तथा करदाता शिक्षा कार्यक्रम सम्पन्न:

आन्तरिक राजस्व कार्यालय बागलुङले साना करदातालाई कर सहभागिता लागत कम गर्न र करदाताहरुमा कर सम्बन्धी विषयहरुमा जागरुक बनाउने उद्देश्यले कार्यालयको कार्यक्षेत्र अन्तर्गत मुस्ताङ जिल्लाको जोमसोममा कर शिविर तथा करदाता शिक्षा कार्यक्रम सम्पन्न गरेको छ। मिति २०७६/०६/०७ र ८ गते २ दिन संचालन भएको उक्त कार्यक्रममा मुस्ताङ जिल्लाका ५ वटै स्थानीय तहका करदाताहरुले सेवा लिएका थिए । उक्त कार्यक्रममा ११९ वटा व्यक्तिगत स्थायी लेखा नम्बर र ७५ वटा व्यवसायिक स्थायी लेखा नम्बर प्रदान गर्नुका साथै २६५ वटा कर विवरण संकलन भएको थियो । उक्त अवसरमा सञ्चालित करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रममा




कर अधिकृत बुद्धि प्रसाद आचार्यले सहभागीहरुलाई कर कानूनका बिषयमा करदाता शिक्षा प्रदान गर्नुभएको थियो। भने प्रमुख कर अधिकृत हेमराज सुवेदीले सहभागीहरुको जिज्ञाशाको जवाफ दिदै दुर दराजका करदाताहरुलाई सहज सेवा प्रदान होस भन्ने हेतुले यो कार्यक्रमको आयोजना भएको र यसबाट लाभान्वित हुन अनुरोध गर्नुभएको थियो ।

## विद्युतीय वीजक सम्बन्धी कार्यविधि, २०७४ मा भएको संशोधन सम्बन्धी सूचना

**विद्युतीय वीजक सम्बन्धी कार्यविधि, २०७४ मा मिति २०७६/४/१३ मा भएको तेश्रो संशोधनले कार्यविधिको परिच्छेद - ३ को सि.नं. ३ को खण्ड (ख) देहाय बमोजिम कायम भएको व्यहोरा जानकारी गराईएको छ।**

विद्युतीय माध्यमबाट वीजक जारी गर्न प्रयोग गरिने विद्युतीय उपकरण तथा सफ्टवेयरमा यस कार्यविधि बमोजिमका मापदण्डहरु पूरा भएको व्यहोरा उक्त उपकरण वा सफ्टवेयरको उत्पादन स्वदेशमा भएको भए सोको उत्पादक स्वयंले र विदेशबाट आयात भएको भए सोको आधिकारीक वितरक स्वयंले परिच्छेद-१ बमोजिमको ढाँचामा प्रमाणिकरण गरी विभागमा सूचीकरण गराउनु पर्नेछ । विदेशबाट उत्पादन आयात भएको तर नेपालमा आधिकारीक वितरक नभई प्रयोगकर्ता आफैंले मात्र प्रयोग गर्ने गरी संझौता भएको भए प्रयोगकर्ता आफैंले उत्पादकको तर्फबाट निर्वाह गर्नु पर्ने जिम्मेवारी समेत निर्वाह गर्ने गरी निवेदन गरेमा प्रयोगकर्ताले प्रमाणीकरण गरी विभागमा सूचीकरण गराउन सक्नेछ ।

# आन्तरिक राजस्व कार्यालय बत्तीसपुतलीमा करदाता शिक्षा कार्यक्रम सम्पन्न

आन्तरिक राजस्व कार्यालय बत्तिसपुतली काठमाडौंको आयोजनामा कार्यालयको सभाहलमा मिति २०७६ असोज २ गते मालपोत कार्यालय डिल्लिबजारमा कार्यरत कर्मचारीहरुलाई आयकर ऐन, २०५८ बमोजिम पुँजिगत लाभकरको असूली सम्बन्धमा प्रचलित कानूनमा भएको व्यवस्था, पुँजिगत लाभकर घोषणा फाराममा भर्नुपर्ने तथ्याङ्क तथा सूचनाहरु लगायत पुँजिगत लाभकर गणना बिधिका बारेमा प्रशिक्षण सम्पन्न भयो । उक्त कार्यक्रममा प्रमुख मालपोत अधिकृत गोविन्द प्रसाद अधिकारीबाट प्रशिक्षण कार्यक्रमको आयोजना गरिएकोमा धन्यवाद दिँदै यस्तो कार्यक्रमको अयोजना नियमित भएमा पुँजिगत लाभकर संकलन सम्बन्धमा कार्यस्थलमा रहेका समस्याहरुको समाधानमा सहयोगी हुने मन्तव्य राख्नु भएको थियो ।कार्यक्रममा प्रमुख कर अधिकृत टंकनाथ पौडेलबाट आयकर ऐन, २०५८ तथा पुँजिगत लाभकर निर्देशिका, २०७२ मा भएको पुँजिगत लाभकर सम्बन्धी व्यवस्था र पुँजिगत लाभकरको घोषणा विधिका बारेमा सहभागीहरुलाई प्रशिक्षण दिनुका साथै सहभागीहरुबाट आएका जिज्ञासाहरुको सम्बोधन गर्नुभएको थियो ।



नेपाल सरकार
अर्थ मन्त्रालय
अन्तिरक राजस्व विभाग

**विषयः आय विवरणको अनुसूची तथा सम्बन्धित फारामहरु परिमार्जन भएको सूचना**

आयकर ऐन, २०५८ को दफा ९६ बमोजिम दाखिला गर्नुपर्ने आय विवरण साथ पेश हुने अनुसूची तथा फारामहरुमा समसामयिक परिमार्जन गरी मिति २०७६/०४/०१ देखि लागू हुने गरी आयकर ऐन, २०५८ को दफा ७७ बमोजिम तोकि सोहि दफाको उपदफा (२) बमोजिम सम्बद्ध सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

# आन्तरिक राजस्व कार्यालय लहानद्वारा करदाता शिक्षा कार्यक्रम संचालन



आन्तरिक राजस्व कार्यालय लहानले सोलुखुम्बु जिल्लाका विभिन्न स्थानहरुमा करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ। मिति २०७६ असोज १ देखि ६ गतेसम्म क्रमशः पासाङ्गल्हामु गाउँपालिकाको लुक्ला, नाम्चेबजार, दिङ्गबोचे, लुबुचे, गोरक्सेप र फिरुचे स्थित करदाताहरुसँग करदाता शिक्षा प्रदान गर्नुका साथै अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ। उक्त कार्यक्रमहरुमा कर अधिकृतहरु देबेन्द्र कुमार लिम्बु, हेरम्बराज न्यौपाने र बलराम दाहालले कक्षा सञ्चालन गर्नुभएको थियो भने प्रमुख कर अधिकृत कमल बहादुर राजलवटले सहजीकरण गर्नुभएको थियो। साथै सोही दिनमा तत् तत् क्षेत्रका बजारमा मैत्रीपूर्ण अनुगमन समेत गरिएको थियो।

उल्लेखित कार्यक्रमहरुमा मन्तव्य राख्दै प्रमुख कर अधिकृत कमल बहादुर राजलवटलले स्वेच्छिक कर सहभागितामा जोड दिदै सोलुखुम्बु जिल्लाको सगरमाथा बेशक्याम्प मार्गमा पर्यटकीय गतिविधिहरु बढ्दै गएको तर सो अनुरुप अपेक्षित राजस्व संकलन नभएको तर्फ करदाताहरुको ध्यानाकर्षण गराउनु भएको थियो। साथै पर्यटक स्तरीय होटल व्यवसायीहरुले अझै





कारोबारको अभिलेख राख्ने नगरेको, बिल बिजक लिने दिने नगरेको, जारी गरिएका बिजकहरु पनि सही र यथार्थ ढंगको हुने नगरेको, कर कानूनको परिपालनमा कमी रहेको र व्यवसायको यथार्थ चित्रण गर्ने किसिमले विवरण पेश हुने नगरेको, समयमै कर विवरण तथा कर रकम दाखिला नगरी व्यवसायहरु संचालन गरिरहको, अधिकांश होटल व्यवसायीहरु कारोबारको सीमा भन्दा बढी कारोबार गरिरहेता पनि मूल्य अभिवृद्दि करमा दर्ता नभई कारोबार गर्ने प्रबृति बढेको समेत देखिएको सन्दर्भ उल्लेख गर्दै कारोबार सीमा नाघेका व्यवसायीहरु अनिवार्य मूल्य अभिवृद्दि करमा दर्ता हुन र कर परिपालानाका बिषयमा आफुलाई आई परेका समस्याहरु खुलेर राख्न आग्रह गर्दै करदाताहरुका जिज्ञासा तथा समस्याहरुको अन्त[्]क्रिया मार्फत सम्बोधन गर्नु भएको थियो । साथै यथार्थपरक ढंगले कर तिर्नको लागि सहभागिहरुलाई आग्रह गर्नु भएको थियो । करदाताहरुको सेवाका लागि लुक्लामा करदाता सेवा कार्यालय समेत स्थापना भएकोले उक्त कार्यालयबाट कर सम्बन्धी सेवा लिन समेत जानकारी गराइएको थियो ।

सो कार्यक्रमहरुमा कर अधिकृतहरुले मूल्य अभिवृद्दि करमा दर्ता हुने प्रक्रिया, दर्ता भईसके पश्चात पालना गर्नुपर्ने कानूनी व्यवस्था, दर्ता हुँदाका फाइदा, आयकर तथा अन्त:शुल्क सम्बन्धी कानूनी व्यवस्था, आर्थिक विधेयकका मुख्य मुख्य प्राबधानहरु तथा कर कानूनमा भएको संशोधन सम्बन्धमा समेत प्रस्तुतीकरण दिनुभएको थियो । उक्त कार्यक्रमहरुमा व्यवसायी तथा स्थानीय निकायका प्रतिनिधीहरुले धैरै विकट क्षेत्रमा यस भन्दा अघि कसैले पनि करदाता शिक्षा कार्यक्रम आयोजना नगरेकोले कर कानून सम्बन्धमा दोधार रहेकोमा आन्तरिक राजस्व कार्यालय लहानबाट करदाता शिक्षा तथा प्रत्यक्ष अन्त[्]क्रिया कार्यक्रम संचालन गरी कर सचेतना दिएकोमा हर्ष व्यक्त गर्दै आगामी दिनहरुमा कर कानूनको यथार्थपरक परिपालना गर्नमा रचनात्मक सहयोग र साझेदारी गर्ने प्रतिबद्दता जाहेर गर्नुभएको थियो ।

## बस्तु तथा सेवामा मूल्य अभिवृद्धि कर लाग्ने र मूल्य अभिवृद्धि करमा दर्ता हुने सम्बन्धी सूचना

आर्थिक विधेयक, २०७६ ले मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा गरेको संशोधन अनुसार गहुँको आँटा, सोयावडी मस्यौरा, टेम्पो र ढुवानी सेवामा मूल्य अभिवृद्धि कर लाग्ने र देहायका कारोबारलाई अनिवार्य रुपमा मूल्य अभिवृद्धि करमा दर्ता गर्नुपर्ने गरी थप व्यवस्था भएको व्यहोरा यसै सूचनाबाट जानकारी गराइन्छ ।

- कुनै व्यक्तिले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका क्षेत्रभित्र शैक्षिक तथा कानूनी परामर्श, लेखा तथा लेखा परीक्षण सम्बन्धी सेवा सञ्चालन गरेमा,
- मदिरा, वाइन, हेल्थ क्लव, डिस्को थेक, मसाज थेरापी, मोटर पार्टस, विद्युतिय सफ्टवेयर, भन्सार एजेन्ट, खेलौनाको व्यवसाय, कवाडी तथा पशुको व्यवसाय,

अत: मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा भएको संशोधन व्यवस्था मिति २०७६।०२।१५ देखि लागू भइसकेकोले ढुवानी सेवा प्रदान गर्ने व्यक्ति लगायत माथि उल्लेख भएका वस्तु तथा सेवाको कारोवार गर्ने व्यक्तिहरुले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १० बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएर मात्र कारोबार गर्नुपर्ने कानुनी व्यवस्था भएको हुँदा अविलम्ब आफ्नो कारोबार रहेको क्षेत्रको अन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा सम्पर्क गरी मूल्य अभिवृद्धि करमा दर्ता हुन सूचित गरिएको छ ।

# आर्थिक वर्ष २०७६/७७ बाट लागू हुने राजस्व संकेत र व्याख्या

| सि. नं. | आ.व. २०७६।०७७ देखी कायम भएको राजस्व संकेत | राजस्व आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | आ.व. २०७५।०७६मा कायम भएका संकेतहरु | ब्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | संघ | प्रदेश | स्थानीय |
| १ | ११११११ | एकलौटी फर्म तथा व्यक्तिगत आयमा लाग्ने कर | ११११११ | एकलौटी फर्म तथा व्यक्तिगत आयमा लाग्ने कर यसमा पर्दछ। | √ | | |
| २ | ११११२ | पारिश्रमिक कर | ११११२ | कुनै प्राकृतिक व्यक्तिले रोजगारीबाट प्राप्त गरेको तलव, ज्याला, मजदुरी, पारिश्रमिक, भत्ता एवं सुविधा, अवकाश भुक्तानी, रोजगारीका सम्बन्धमा गरिएका अन्य भुक्तानी, अध्ययन, अध्यापन आदि विभिन्न स्रोतबाट हुने आयमा लाग्ने कर यसमा पर्दछ। | √ | | |
| ३ | ११११३ | पूँजीगत लाभ कर | ११११३ | घर, जग्गा, शेयर आदि सम्पत्तिको बिक्री, पट्टा, हक हस्तान्तरण लगायत विभिन्न किसिमका निःसर्गबाट भएको पुँजीगत लाभमा व्यक्ति तथा एकलौटी फर्मलाई लाग्ने कर यसमा पर्दछ। | √ | | |
| ४ | १११२० | निकायको आयमा लाग्ने कर | १११२० | व्यवसायिक निकाय तथा संस्थानको आयमा लाग्ने कर यसमा पर्दछ।यो शीर्षकमा रकम जम्मा गर्न मिल्दैन। | √ | | |
| ५ | १११२१ | निकायको मुनाफामा लाग्ने कर-सरकारी संस्थान | १११२१ | सरकारको पूर्ण वा अधिकांश (५०प्रतिशत भन्दा बढी)स्वामित्व भएका सरकारी निकाय तथा त्यस्ता निकायको व्यवस्थापकीय नियन्त्रण भएको निकायको आयमा लाग्ने कर यसमा पर्दछ। | √ | | |
| ६ | १११२२ | निकायको मुनाफामा लाग्ने कर - पब्लिक लिमिटेड कम्पनी | १११२२ | कुनै विशेष ऐन वा कम्पनी ऐन अन्तर्गत दर्ता भएका पब्लिक लिमिटेड कम्पनी र सरकारको ५०प्रतिशत भन्दा कम स्वामित्व भएका कम्पनीको आयमा लाग्ने कर यसमा पर्दछ। | √ | | |
| ७ | १११२३ | निकायको मुनाफामा लाग्ने कर –प्राइभेट लिमिटेड कम्पनी | १११२३ | कम्पनी ऐन अन्तर्गत दर्ता भएका प्राइभेट लिमिटेड कम्पनी तथा आयकर ऐन बमोजिम तोकिएको कम्पनीको आयमा लाग्ने कर यसमा पर्दछ। | √ | | |
| ८ | १११२४ | निकायको मुनाफामा लाग्ने कर –अन्य संस्था | १११२४ | माथि उल्लिखित उपशीर्षक १११२१ देखि १११२३ भित्र परेका बाहेक अन्य संस्थाहरुः- साझेदारी फर्म, सहकारी संस्था, ट्रष्ट, युनिट ट्रष्ट, संघ/संस्था, विदेशी कम्पनी एवं अन्य निकायको आयमा लाग्ने कर यसमा पर्दछ। | √ | | |
| ९ | १११२५ | पूँजीगत लाभ कर - निकाय | १११२५ | घर, जग्गा, शेयर आदि सम्पत्तिको बिक्री, पट्टा, हक हस्तान्तरण लगायत विभिन्न किसिमका निःसर्गबाट भएको पुँजीगत लाभमा निकायलाई लाग्ने कर यसमा पर्दछ। | √ | | |
| १० | १११३० | लगानीको आय तथा अन्य आयमा लाग्ने कर | १११३० | माथि उल्लेखित शीर्षक ११११११ देखि १११२५ भित्र परेका बाहेक अन्य आयमा लाग्ने कर यसमा पर्दछ। यो शीर्षकमा रकम जम्मा गर्न मिल्दैन। | √ | | |
| ११ | १११३१ | सम्पत्ती, बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | १११३१ | घर, जग्गा, सवारी साधन तथा अन्य अचल सम्पत्ती बहाल वा पट्टा वा दीर्घकालीन करारमा दिए वापतको आयमा लाग्ने कर यसमा पर्दछ। | √ | | □ |
| १२ | १११३२ | ब्याजमा लाग्ने कर | १११३२ | बैंक, वित्त कम्पनी वा अन्य निकाय वा व्यक्तिबाट भुक्तानी गरिने वा प्राप्त हुने ब्याजमा लाग्ने कर यसमा पर्दछ। | √ | | |
| १३ | १११३३ | लाभांशमा लाग्ने कर | १११३३ | कुनैपनि कम्पनी वा निकायमा लगानी गरे वापत | √ | | |

| सि. नं. | आ.व. २०७६।०७७ देखी कायम भएको राजस्व संकेत | राजस्व आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | आ.व. २०७५।०७६मा कायम भएका संकेतहरु | ब्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | संघ | प्रदेश | स्थानीय |
| | | | | प्राप्त हुने लाभांशमा लाग्ने कर यसमा पर्दछ। | | | |
| १४ | ११134 | लगानी सम्बन्धी अन्य आयमा लाग्ने कर | ११134 | लगानी सम्बन्धी अन्य आयमा लाग्ने कर यसमा पर्दछ। | √ | | |
| १५ | ११135 | आकस्मिक लाभ कर | ११135 | जुवा, चिठ्ठा, बाजी, उपहार, दान, अपुताली, सुराकी, पुरस्कार लगायतका आकस्मिक लाभका स्रोतबाट प्राप्त आयमा लाग्ने कर यसमा पर्दछ। | √ | | |
| १६ | ११139 | अन्य आयमा लाग्ने कर | ११139 | माथि उल्लेखित शीर्षक नं. हरूमा नपरेका अन्य आयमा लाग्ने कर यसमा पर्दछ। | √ | | |
| १७ | ११211 | पारिश्रमिकमा आधारित सामाजिक सुरक्षा कर | ११२११ | कुनै प्राकृतिक व्यक्तिले रोजगारीबाट प्राप्त गरेको तलव, ज्याला, मजदुरी, पारिश्रमिक, भत्ता एवं सुविधा, अवकाश भुक्तानी, रोजगारीका सम्बन्धमा गरिएका अन्य भुक्तानी, अध्ययन, अध्यापन आदि विभिन्न स्रोतबाट हुने समग्र आयमा एकमुष्ट रूपमा तोकिए बमोजिम लिईने सामाजिक सुरक्षा कर यसमा पर्दछ। | √ | | |
| १८ | ११४४२ | स्वास्थ्य सेवा कर | ११४४२ | सरकार तथा सामुदायिक अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवा बाहेक अन्य स्वास्थ्य संस्थाले प्रदान गर्ने स्वास्थ्य सेवामा लाग्ने कर यसमा पर्दछ। | √ | | |
| १९ | ११४४३ | शिक्षा सेवा कर-शैक्षिक संस्था | ११४४३ | निजी शैक्षिक संस्थाहरूले प्रदान गर्ने तोकिएका शैक्षिक सेवाहरूमा लाग्ने शिक्षा सेवाशुल्क यसमा पर्दछ। | √ | | |
| २० | ११४४४ | शिक्षा सेवा कर-वैदेशिक अध्ययन | ११४४४ | विदेशमा अध्ययन गर्न जाने विद्यार्थीहरूले बुझाउनु पर्ने शिक्षण शुल्कमा लाग्ने सेवा शुल्क वापत्को रकम यसमा पर्दछ। | √ | | |
| २१ | ११४५४ | सडक निर्माण तथा सम्भार कर | ११४५४ | सवारी साधन दर्ताका वखत यातायात व्यवस्था कार्यालयमा सवारी साधनको किसिम अनुसार सङ्कलन गरिने कर यसमा पर्दछन्। | √ | | |
| २२ | १४२१४ | दूरसंचार सेवा शुल्क | १४२१४ | दूरसञ्चार सेवा शुल्क वापत्को रकम यसमा पर्दछ। | √ | | |
| २३ | १४२१५ | टेलिफोन स्वामित्वको शुल्क | १४२१५ | टेलिफोन स्वामित्व वापत्को रकम यसमा पर्दछ। | √ | | |
| २४ | ३३३११ | मू. अ. कर-उत्पादन | ३३१११ | उत्पादनकर्ताले वस्तु उत्पादन गरी बिक्री गर्दा लाग्ने मूल्य अभिवृद्धि कर यसमा पर्दछ। | √ | | |
| २५ | ३३३१३ | मू. अ. कर -वस्तु बिक्री र वितरण | ३३११३ | थोक तथा खुद्रा बिक्रेताबाट मूल्य अभिवृद्धि कर वापत तिर्नु पर्ने रकम यसमा पर्दछ। | √ | | |
| २६ | ३३३१४ | मू. अ. कर -परामर्श तथा ठेक्का | ३३११४ | सबै प्रकारका ठेक्का व्यावसाय तथा परामर्श सेवामा लाग्ने मूल्य अभिवृद्धि कर यसमापर्दछ। मूल्य अभिवृद्धि कर लागु हुनु अगाडि असुल हुन बाँकी रहेका ठेक्का कर असुलभएमा यसैमा जम्मा गर्नु पर्दछ। | √ | | |
| २७ | ३३३१५ | मू. अ. कर -पर्यटन सेवा संकलन | ३३११५ | पर्यटन व्यवसायसँग सम्बन्धित होटल, ट्राभल एजेन्सी, पदयात्रा (ट्रेकिङ), जलयात्रा (र्‍याफ्टिङ) समेतका व्यवसायमा लाग्ने मूल्य अभिवृद्धि कर यसमा पर्दछ । मूल्य अभिवृद्धि कर लागु हुनु | √ | | |

| सि. नं. | आ.व. २०७६।०७७ देखी कायम भएको राजस्व संकेत | राजस्व आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | आ.व. २०७५।०७६मा कायम भएका संकेतहरु | ब्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | संघ | प्रदेश | स्थानीय |
| | | | | अगाडि असुल हुन बाँकी रहेका होटल कर असुल भएमा यसैमा जम्मा गर्नु पर्दछ । | | | |
| २८ | ३३३१६ | मू. अ. कर -संचार सेवा, विमा, हवाई उडान र अन्य सेवा संकलन | ३३११६ | सबै प्रकारका सञ्चार सेवा (सरकारी हुलाक सेवा बाहेक), बीमा र तोकिएका अन्य सेवाको बिक्रीमा लगाइने मूल्य अभिवृद्धि कर र हवाई उडान कर वापत्को रकम यसमा पर्दछ । मूल्य अभिवृद्धि कर लागु हुनु अगाडि असुल हुन बाँकी रहेका मनोरन्जन कर असुल भएमा यसैमा जम्मा गर्नु पर्दछ । | √ | | |
| २९ | ३३३१७ | मू. अ. कर - बेदर्तावालाबाट गर्ने संकलन | ३३११७ | नेपाल बाहिरको दर्ता नभएको कुनै व्यक्तिबाट सेवा प्राप्त गर्दा उठाउनु पर्ने मूल्य अभिवृद्धि कर, काठ बिक्रीमा लगाइने मूल्य अभिवृद्धि कर, स्थानीय तह वा नेपाल स्थित अन्तर्राष्ट्रिय संघ संस्था वा नियोग वा सरकार वा मूल्य अभिवृद्धि कर नलाग्ने वस्तुको कारोवार गर्ने सार्वजनिक संस्थानले सङ्कलन/दाखिला गर्ने मूल्य अभिवृद्धि कर यसमा पर्दछ । | √ | | |
| ३० | ३३३३१ | अन्तःशुल्क -सुर्तिजन्य पदार्थ | ३३१३१ | सबैप्रकारका सुर्तीजन्य पदार्थको उत्पादनमा लाग्ने अन्तःशुल्क यसमा पर्दछ। | √ | | |
| ३१ | ३३३३२ | अन्तःशुल्क -मदिरा | ३३१३२ | मदिरा (वाईन र हल्का पेय पदार्थ समेत) को उत्पादनमा लाग्ने अन्तःशुल्क रकम यसमा पर्दछ | √ | | |
| ३२ | ३३३३३ | अन्तःशुल्क -बियर | ३३१३३ | वियरको उत्पादनमा लाग्ने अन्तःशुल्क यसमा पर्दछ। | √ | | |
| ३३ | ३३३३४ | अन्तःशुल्क -अन्य औद्योगिक उत्पादन | ३३१३४ | माथि उल्लेखित उपशीर्षक ३३३३१, ३३३३२ र ३३३३३ मा परेको बाहेक अन्य औद्योगिक उत्पादनमालाग्ने अन्तःशुल्क यसमा पर्दछ। | √ | | |

**प्रकाशक**
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
फोन नं.: ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९
Email: taxbulletin@ird.gov.np
website: www.ird.gov.np

**संरक्षक**
बिनोद बहादुर कुँवर

**सल्लाहकार**
झलकराम अधिकारी
थानेश्वर गौतम
मुक्ति प्रसाद पाण्डे
प्रेमशरण श्रेष्ठ

**सम्पादन समूह**
सम्झना बराल ढकाल
सुनिल कुमार यादव
काशिनाथ भट्टराई
राजु प्रसाद प्याकुरेल
टिका उपाध्याय



कर सम्बन्धी जानकारी टोल फ्रि नम्बर १६६००१४००००० बाट प्राप्त गरौं ।